# गैंडाकोट राजपत्र

खण्ड : ०५ संख्या: ५ मिति : २०७९/०३/०९

## भाग - ०२

## गैंडाकोट नगरपालिका

नेपालको संविधान बमोजिम गैंडाकोट नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# गैंडाकोट नगरपालिकाको स्वामित्वमा रहेका अस्पताल, स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवा केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९

गैंडाकोट नगरपालिकाको स्वामित्वमा रहेका अस्पताल, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र लगायतका स्वास्थ संस्थाहरुको व्यवस्थापन र संचालन चुस्त, दुरुस्त, व्यवसायिक र सेवाग्राही मैत्री बनाउन आवश्यक भएकोले गैंडाकोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गैंडाकोट नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यो कार्यविधिको नाम “गैंडाकोट नगरपालिकाको समित्वामा रहेका अस्पताल,स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९” रहेको छ।

(ख) यो कार्यविधि नगर राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अस्पताल" भन्नाले गैंडाकोट नगरपालिकाले संचालन गरेको नगर अस्पताललाइ संम्झनु पर्दछ।

(ख) "स्वास्थ चौकी" भन्नाले गैंडाकोट नगरपालिका भित्र रहेका स्वास्थ्य चौकीलाइ संम्झनु पर्दछ।

(ग) "आधारभुत स्वास्थ्य सेवा केन्द्र" भन्नाले गैडाकोट नारपालिकाले संचालन गरेका आधारभुत स्वास्थ्य सेवा केन्द्र संम्झनु पर्दछ।

(घ) "अध्यक्ष" भन्नाले अस्पताल संचालन तथा व्यवस्थापन समितिको अध्यक्ष संम्झनु पर्दछ।

(ङ) "संरक्षक" भन्नाले गैंडाकोट नगरपालिका नगर प्रमुखलाइ संम्झनु पर्दछ।

(च) "उप प्रमुख" भन्नाले गैडाकोट नगरपालिका उप प्रमुखलाइ संम्झनु पर्दछ।

(छ) "अस्पताल प्रमुख" भन्नाले अस्पतालमा कार्यरत चिकित्सक मध्ये सवै भन्दा जेष्ट कर्मचारी वा समितिले तोके वमोजिमको कर्मचारीलाई सम्झनु पर्दछ।

(ज) "कार्यपालिका" भन्नाले गैंडाकोट नगरकार्यपालिकाको नगरकार्यपालिका सम्झनु पर्दछ

(झ) "कार्यविधि" भन्नाले नगर अस्पताल,स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवा केन्द्र संचालन तथा व्यवस्थापन कार्विधि २०७९ संम्झनु पर्दछ।

(ञ) "संयोजक" भन्नाले स्थाइ कर्मचारीहरु मध्येवाट समितिले नगरपालिका र अन्य निकाय संग समन्वय पत्रचार आदी कार्य गर्न तोकेको ब्यक्ति संम्झनु पर्दछ ।

(ट) "चिकित्सक तथा स्वास्थ्य कर्मी" भन्नाले स्वास्थ्य सेवा सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम सम्वन्धित परिषदवाट अनुमती प्रप्त ब्याक्ति संम्झनस पर्दछ ।

(ठ) "नगरपालिका" भन्नाले गैंडाकोट नगरपालिका संम्झनु पर्दछ ।

(ड) "नगरपालिका क्षेत्र" भन्नाले गैडाकोट नगरपालिकाको भूभाग सम्झनु पर्दछ ।

(ढ) "पदाधिकारी" भन्नाले ब्यवस्थापन समितिका अध्यक्ष,उपाध्यक्ष र सदस्य लगायतका पदाधिकारीलाई संम्झनु पर्दछ ।

(ण) "समिति" भन्नाले दफा ३ र ४ बमोजिम गठित नगर अस्पताल,स्वास्थ्य चौकी र आधारभुत सेवा संचालन तथा व्यवस्थापन समिति संझनु पर्दछ ।

(त) "शाखा" भन्नाले कार्यपालिकाको स्वास्थ्य तथा सामाजिक विकास शाखा संम्झनु पर्दछ ।

## परिच्छेद २

## स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन

**३. स्वास्थ्य संस्था संचालन:** (१) आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि नगरपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था संचालन गर्न सक्नेछ ।

(क) अस्पताल

(ख) प्राथमिक स्वास्थ्य केन्द्र

(ग) स्वास्थ्य चौकी

(घ) फार्मेसी

(ङ) स्वास्थ्य क्लिनिक

(च) आयुर्वेद क्लिनिक

(छ) रक्त संचार केन्द्र

(ज) आधारभूत स्वास्थ्य सेवा केन्द्र

(झ) शहरी स्वास्थ्य केन्द्र

(ञ) प्रयोगशाला

(ट) जनस्वास्थ्य परामर्श केन्द्र

(ठ) नगरपालिकाले तोके बमोजिमका अन्य स्वास्थ्य संस्था

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्यूनतम मामदण्ड नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था स्थापना गर्दा नगरपालिकाले जनसंख्या, भुगोल र लाभान्वित वर्गको अनुपातमा आवश्यकता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था र नगरपालिकामा कम्तिमा एक अस्पताल रहने गरी स्थापना तथा संचालन गर्न सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले स्वास्थ्य सेवा सुलभ र सहज रुपमा संचालन गर्न स्वास्थ्य सेवालाई एकीकृत रुपमा संचालन गर्न सक्नेछ ।

(५) नगरपालिकाले हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको प्रचलित मापदण्ड बमोजिम स्तरोन्नति गरी सञ्चालन गर्न सक्नेछ ।

(६) स्वास्थ्य संस्था स्थापना गर्दा नगरपालिकाले नेपाल सरकार र प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ ।

(७) प्रचलित मापदण्डको अधिनमा रही नगरपालिकाले आफ्नो स्वामित्वमा संचालित स्वास्थ्य संस्थामार्फत विशेषज्ञ सेवा प्रदान गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम विशेषज्ञ सेवा संचालन गर्दा नेपाल सरकार, प्रदेश सरकारसंग समन्वय र सहकार्य गर्न सक्नेछ ।

(९) नगरपालिकाभित्र संचालित सरकारी अस्पतालले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक निःशुल्क औषधी तथा सुपथ मूल्यमा अन्य आवश्यक औषधिहरु उपलब्ध गराउनु पर्नेछ ।

**४. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापनः** (१) नगरपालिकाको स्वामित्वमा संचालन भएका अस्पतालको संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको अस्पताल व्यवस्थापन समिति रहनेछ ।

(क) नगर प्रमुख - अध्यक्ष

(ख) उप प्रमुख वा नगरपलिकाभित्र वसोवास गर्ने प्रतिष्ठित समाजसेवी मध्येबाट कार्यपालिकाले तोकेको व्यक्ति - उपाध्यक्ष

(ग) नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समिति संयोजक - सदस्य

(ङ) अस्पताल रहेको वडाको अध्यक्ष - सदस्य

(च) सामाजिक वा स्वास्थ्य वा शिक्षा क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरू मध्ये कार्यपालिकाले तोकेको कम्तिमा एक महिला सहित तीन जना - सदस्य

(छ) महिला स्वास्थ्य स्वयंसेविका मध्येवाट कार्यपालिकाले तोकेको एक जना - सदस्य

(ज) अस्पतालको पारामेडिक्स / नर्सिङ इन्चार्ज - सदस्य

(झ) स्थानीय उद्योग व्यापार संघको अध्यक्ष वा उक्त क्षेत्रमा कृयाशिल प्रतिनिधि - सदस्य

(ञ) स्वास्थ्य शाखा प्रमुख -सदस्य

(ट) अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट - सदस्य सचिव

(२) उपदफा (१) बाहेकका नगरपालिकाको स्वामित्व रहेका सरकारी स्वास्थ्य संस्थाको (स्वास्थ्य चौकी / आधारभुत स्वास्थ सेवा केन्द्र) संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ:-

(क) नगर प्रमुख - संरक्षक

(ख) स्वास्थ्य संस्था रहेको सम्बन्धित वडाको अध्यक्ष - अध्यक्ष

(ग) समितिले मनोनित गरेको सम्बन्धित वडा समितिको महिला सदस्य वा सामाजिक क्षेत्रमा क्रियाशील एक जना महिला - उपाध्यक्ष

(घ) सम्बन्धित स्वास्थ्य संस्था रहेको वडा कार्यालयका सचिव - सदस्य

(ङ) स्वास्थ्य संस्था रहेको क्षेत्रको वडाका विद्यालयका प्रमुख वा प्राचार्य वा महिला शिक्षिका मध्येबाट समितिले मनोनित गरेका एक जना - सदस्य

(च) सामाजिक वा स्वास्थ्य वा शिक्षा वा उद्योग व्यापार क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरू मध्येबाट समितिले मनोनित गरेको एक जना - सदस्य

(छ) संस्था रहेको वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका मध्येवाट समितिले मनोनित गरेका एक जना - सदस्य

(ज) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिव

तर, एउटै वडामा एक भन्दा धैरै स्वास्थ्य संस्था भएको अबस्थामा ति स्वास्थ्य संस्थाको अध्यक्ष कार्यपालिकाले सिफरिस गर्नेछ।

(३) समितिले दलित, जनजाति, अपांगता भएका, जेष्ठ नागरिक, किशोर किशोरी मध्येबाट एक-एक जना व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) समिति सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**५. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:** व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) आफ्नो स्वास्थ्य संस्थामा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने।

(ख) स्वास्थ्य संस्थाबाट गुणस्तरीय प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने, गराउने।

(ग) स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरू गर्ने ।

(घ) भौगोलिक अवस्था, अल्पसंख्यक आदिवासी जनजाति, ज्येष्ठ नागरिक, विपन्न वर्ग, अपांगता, बालबालिका, किशोर किशोरी, महिला समूह समेतलाई मध्येनजर राखी स्वास्थ्य संस्थाको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ङ) स्वास्थ्य संस्थाको व्यवस्थापन र सञ्चालनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने ।

(च) स्वास्थ्य संस्थाबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रूपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने ।

(छ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, मातृशिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रवन्ध मिलाउने ।

(ज) नगरपालिकाले तोके बमोजिम अति विपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई नि :शुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने ।

(झ) स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको क्षमता विकास र एवं वृत्ति विकासको लागि आवश्यक कार्य गर्ने ।

(ञ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोतको क्षमता विकास व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(ट) स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको एकिन तथ्यांक अध्यावधिक गर्ने एवं सम्पत्तिको संरक्षण गर्ने, गराउने ।

स्वास्थ्य संस्थाको भौतिक संरचना तथा मर्मत संभारको ब्यवस्थापन गर्ने ।

(ठ) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह औषधि, औजार उपकरण) को लागि स्वास्थ्य संस्थाको नियमित स्व मूल्यांकनका आधारमा आवश्यक स्थानीय वित्तीय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस गर्ने ।

(ड) स्वास्थ्य संस्थाबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

(ढ) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

(ण) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(त) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राही मैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(थ) विद्युतीय स्वास्थ्यको अवधारणा अन्तर्गतका नगरपालिका र स्वास्थ्य शाखासंग आवश्यक समन्वय गर्ने ।

(द) अघिल्लो बैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा संचलन आदीमा आएका समधान हुन नसकेमा समस्याहरु सामधानका लागि नगरपालिका तथा सम्वन्धित निकायमा पठाउने ।

(ध) नगरपालिकाले बनाएको आवधिक कार्यक्रम कार्यन्वयन, अनुगमन, समीक्षा र स्वास्थ्य संस्थाको आवधिक तथा वार्षिक प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्ने ।

(न) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

(प) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरु र नगरपालिकाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

**६. पदाधिकारीहरुको पदावधिः** (१) व्यवस्थापन समितिका पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले पाँच वर्षको हुनेछ तर, पदाधिकारीको पदावधि बाँकी रहँदै सम्बन्धित स्थानीय तहको निर्वाचन सम्पन्न भएमा समिति स्वत समाप्त हुनेछ ।

(२) कुनै पनि व्यक्ति दुई कार्यकाल भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन । तर, पदेनको हकमा यो प्रावधान लागु हुने छैन ।

*स्पष्टिकरणः यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो जिम्मेवारी पुरा नगर्ने समिति पदाधिकारी तथा सदस्यलाई कार्यपालिकाले निश्चित समय दिई बोर्डको सिफारिसमा समितिबाट हटाउन सक्नेछ ।*

**७. पदावधि रिक्त हुनेः** निम्न अवस्थामा पदाधिकारी तथा सदस्यहरुको पद रिक्त हुनेछ;

(क) मृत्यु भएमा,
(ख) राजिनामा दिएमा,
(ग) बिना सूचना लगातार तीनपटक समितिको बैठकमा अनुपस्थित भएमा ।
(घ) फौजदारी अभियोग लागेमा ।
(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहर भएमा ।

**८. व्यवस्थापन समितिको कोषः** (१) व्यवस्थापन समितिको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् र स्वास्थ्य संस्थाको खर्च सो कोपबाट व्यहोरिनेछ ।

(क) नगरपालिकाबाट प्राप्त रकम ।
(ख) सम्बन्धित स्वास्थ्य संस्थाको आम्दानी रकम
(ग) स्वदेशी व्यक्ति, दाता, गुठी वासंस्थाबाट प्राप्त रकम ।
(घ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।
(ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम ।
(च) अस्पतालले संचालन गरेको सेवा वापत प्राप्त रकम ।
(छ) वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिबाट प्राप्त अनुदान वा सहयोग रकम ।
(ज) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ

(४) स्वास्थ्य संस्थालाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा आम्दानी बाध्नुपर्नेछ

(५) व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ

९. **कोष तथा लेखा संचालनः** (१) स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको आयव्यय दुरुस्त राख्ने जिम्मा सम्बन्धित स्वास्थ्य संस्था प्रमुख र लेखा प्रमुखको हुनेछ ।

(२) स्वास्थ्य संस्थाको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

(३) कोषको खाता संचालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोबार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थामा हुनेछ ।

(४) खाता संचालन समितिका अध्यक्षले सिफारीस गरेको समितिका सदस्यहरु मध्येवाट एक जना र सदस्य सचिवको संयुक्त दस्तखतमा हुनेछ ।

(५) कोष खाता र खर्च खाताबाट भएको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्ने अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

(६) स्वास्थ्य संस्थाको आम्दनी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय व्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु फछ्योट लागयतका विषयहरू प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानुन बमोजिम हुनेछ ।

(७) स्वास्थ्य संस्थालाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया नेपाल सरकारबाट जारी सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ ।

१०. **लेखा परीक्षण:** (१) व्यवस्थापन समितिले तोकिए वमोजिम आय व्ययको आन्तिरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

(२) स्वास्थ्य संस्थाको लेखा परिक्षण कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

११. **बाधा अड्काउ फुकाउने:** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आईपरेमा नगर कार्यपालिकाबाट आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले,

मुक्तिराम रिजाल

प्रमुख प्रशासकीय अधिकृत